हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ६१ पृष्ठ : ४ २०७७ भदौ २९ गते सोमबार (Monday 14 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




सिरहा कारागारमा कोरोना कहर

# ७८ जनामा कोरोना संक्रमण भएपछि कैदीबन्दी त्रासमा






सिरहा । सुरूमैं सावधानी नअपनाउँदा सिरहा कारागार कोरोना संक्रमणको जिल्लामैं 'हटस्पट' बन्ने खतरा बढेको छ ।

बुधबार र शुक्रबारको पीसीआर नतिजाले कारागारका ७८ कैदीबन्दीमा कोरोना संक्रमण पुष्टि भएपछि अन्य कैदीबन्दीमा समेत संक्रमण फैलिन सक्ने त्रास बढेको छ । कारागारमा रहेको १८ महिला कैदीबन्दी मध्ये १७ महिला र आश्रित दुई बालबालिकामा समेत कोरोना संक्रमण भएको छ । यतिधेरै संख्यामा कोरोना संक्रमण पुष्टि भएपछि कारागारमा आफन्त भेटघाट र आउँजाउँमा रोक लगाइएको छ । कारागारका निमित्त प्रमुख बबिता महतोले संक्रमण पुष्टि भएका कैदीबन्दीलाई कारागार कम्पाउण्ड अघिल्लतिर बनाइएको ३ वटा कोठामा आइशोलेसन गरिएको छ । उनका अनुसार आइशोलेसन गर्नुपर्ने भएकाले कोठा अभावमा ४४ जना अट्ने कोठामा ७८ जनालाई व्यवस्थापन गरेर राखिएको छ । संक्रमणको सुरूवात गत साउन २५ गते नकाबजनी चोरी र आपराधिक मुद्धामा पुर्पक्ष थुनामा लहान नगरपालिका-१३ का एक थुनुवा, ज्यान मार्ने उद्योगमा भगवानपुर गाउँपालिका-२ का एक जना र साउन २६ नकाबजनी चोरीका लहान नगरपालिका-८ का एक जना र धनगढीमाई नगरपालिका-१२ का एक जना थुनुवालाई कारागारमा राखिएको थियो । उनीहरूको साउन २६ गते पीसीआर परीक्षण गर्दा नतिजा पोजिटिभ आयो ।

लगत्तै ट्रेसिङको आधारमा ३० जनाको पीसीआर परीक्षण गरियो । ती मध्ये तीन जनामा रिपोर्ट पोजेटिभ आयो । त्यसपछि कारागारमा सबै कैदीबन्दीको पीसीआर परीक्षण गरिएको थियो । १ सय जनाको नतिजा आउँदा ७८ जनामा कोरोना संक्रमण पुष्टि भएको र अन्यको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिए । सुरूमैं बाहिरबाट नयाँ ल्याइएका कैदीबन्दीलाई क्वारेन्टाइनमा राखेर सावधानी नअपनाउँदा समस्या खडा भएको जिल्ला विपद व्यवस्थापन समितिका सदस्य देव कुमार यादवले बताए । उनका अनुसार जसले गर्दा सम्पूर्ण कैदीबन्दीमा संक्रमण फैलिन त्रास बढेको छ ।

### अहेवको भरमा उपचार

७८ जना कैदीबन्दीमा एकैसाथ कोरोना संक्रमण पुष्टि हुँदा समेत कारागार प्रशासनले उपचारमा हेलचेक्र्याई गरेको कैदीबन्दीहरूको आरोप छ । कारागारमा एक अहेवको दरबन्दी छ । दरबन्दीमा अहेव विन्देश्वर यादव कार्यरत थिए । तर उनी २०६९ जेठ २२ मा रिटायर्ड भए । उनी रिटायर्ड भएपछि दरबन्दीमा उनको स्थानमा लक्ष्मण मण्डललाई खटाएपनि सात महिनादेखि हाजिर भएका छैनन् ।

रिटायर्ड भएका उनै यादवलाई करारमा कारागार प्रशासनले खटाएको छ । 'अधिकांश कैदीबन्दीमा रूघाखोकी समस्या देखिएको छ,' कारागारमा खट्दै आएका सिअहेव विन्देश्वर यादवले भने, 'एक्लै खटिनुपरेको छ ।' कोरोना संक्रमित कैदीबन्दीको उपचारमा समेत आफै खटिनुपर्दा समस्या भएको उनले सुनाए । उपचारमा जिल्लाबाट अहिलेसम्म चिकित्सक टोली नआएको उनले बताए ।

कारागारका निमित्त प्रमुख बबिता महतोले जिल्लाबाट चिकित्सक टोली खटाउने जानकारी आएपनि चिकित्सक टोली अहिलेसम्म नआएको बताइन् । स्वास्थ्य कार्यालय सिरहाका प्रमुख यादवले सुरक्षाका कारण तत्काल कारागार कम्पाउण्ड भित्रकै तीन वटा कोठामा संक्रमित कैदीबन्दीको व्यवस्थापन गरि उपचार निगरानी गरिएको दाबी गरे । 'सिरहा अस्पताल र चन्द्र मावि आइशोलेसनमा खटिएका चिकित्सक टोलीलाई नै आलोपाले खटाउने तयारी गरेका

बाँकी ३ पेजमा

### सामाजिक सञ्जालबाट

Dev Kumar Yadav
September 11 at 6:51 PM ·

सिरहा जेलका कैदी बन्दीको कोरोना रोकथामको लागि प्रदेश सरकारले दिएको २० लाख रकम महिनै दिनमै हजम !माक्स, सेनिटैजर ,इन्भर्टर ,बैटरी खरिद गरेर लाखौं लाख इवाम !सयौं कैदी बन्दी अहिले संक्रमित हुँदा रकमको अभाव । आइसियुलेसन बनाउनको लागि रकम अभाव हुँदा मेयर साहेब संग सिडिओ को गुहार !कोरोना को नाममा सब छुट,कैदी बन्दी संग लुट !!




174 33 Comments 33 Shares
Like Comment Share

श्री पशुपति आर्दश मा.वि.
लहान मटियर्वा-७, सिरहा
भर्ना सम्बन्धी सूचना
कक्षा १ देखि ९ सम्म र कक्षा ११ का सबै बिषयमा नयाँ भर्ना खुलेको हुँदा भर्ना गराउन हुन सम्पूर्ण विद्यार्थी, अभिभावकज्यूहरुमा यसै सूचनासाथ अनुरोध गरिन्छ । बिहान ७:०० बजे देखि ११:०० बजे सम्म विद्यालय प्रशासन मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ !
संकायहरु
१) विज्ञान संकाय २) बाणिज्य संकाय
३) शिक्षा संकाय ४) मानविकी
- ग्रामीण विकास र कम्प्यूटरको विशेष व्यवस्था छ ।
- पाठ्यपुस्तक पनि वितरण हुनेछ ।
समय : बिहान ६:०० - १२:०० बजे सम्म
सम्पर्क नं.
प्र.अ. ९८४२८२७८६७ स.प्र.अ. ९८५२८३२३६९
श्री प.आ.मा.वि. लहान ☎०३३-५६०२१३

# मिर्चैयामा सार्वजनिक सुनुवाइ गरि विरोध

सिरहा । मिर्चैया नगरपालिकामा व्यापक अनियमितता भएको भन्दै विरोधमा उत्रिएका सर्वदलीय संयुक्त संघर्ष समितिले विरोध कार्यक्रम अन्तर्गत आइतबार मिर्चैया नगरपालिका(३ स्थित राघोपुरमा सार्वजनिक सुनुवाइ कार्यक्रम गरि विरोध जनाएका छन् ।

नगरपालिकामा व्यापक अनियमितता र भ्रष्टाचार भइरहेको भन्दै नगरपालिकासँग हिसाब सार्वजनिक गर्न माग गरेपनि अटेर गरेपछि उनीहरूले विरोधस्वरूप सार्वजनिक सुनुवाइ गरि विरोध जनाएका हुन ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा वक्ताहरूले सार्वजनिक सम्पत्तिमा अनियमितता तथा लोकतन्त्रमा राजतन्त्रको दृश्य सह्य नरहेको र नगरपालिकामा यसले सीमा नाघिरहेको भन्दै लकडाउनका बीच पनि विरोधमा उत्रिन बाध्य हुनुपरेको बताए ।

नगरपालिकाका मेयर श्रवण यादवले भ्रष्टाचारमा लिप्त भएर नगरपालिकाको भविष्य धरापमा पार्दै गएको र खराब प्रवृत्तिको विरूद्धमा बोल्दा मेयरले विपक्षीलाई सताउने काम गरिरहेको समेत उनीहरूको आरोप छ ।

बाँकी ३ पेजमा

भित्री पृष्ठमा
नेपालको चुनौति र गान्धीवाद
पेज २ मा
वडा नै पालिकाको मेरुदण्ड
स्तम्भ : पालिका बहस
पेज ४ मा



फ्रेन्डस मोडल हसपिटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## ७८ जनामा...

छौं,' स्वास्थ्य प्रमुख यादवले भने, 'त्यसका अलावा सिरहा नगरपालिकाले चिकित्सक, स्टाफ नर्स सहित ५ जनाको टोली खटाउने तयारी गरेको छ, टोली चाडै खटाइनेछ ।'

सिरहा अस्पतालका डा. नागेन्द्र यादवले संक्रमित कैदीबन्दीको उपचारमा अस्पतालबाट प्राविधिक सहयोग गरिने जानकारी दिए ।

**कोचाकोच भएर बस्छन् कैदीबन्दी**

कारागारमा कोरोना संक्रमण फैलिइसकेपनि अहिले पनि उनीहरूका लागि वैकल्पिक व्यवस्थापनका लागि कुनै तयारी गरिएको छैन । १ सय ३५ पुरूष र १५ महिलासहित १ सय ५० कैदीबन्दी राख्नसक्ने कारागारको क्षमता भएपनि सिरहा कारागारमा चार गुनाभन्दा बढी ५ सय ९७ जना थुनुवा र कैदीबन्दी राखिएको छ ।

कारागारमा क्षमताभन्दा बढी थुनुवाका कारण बन्दीहरू कोचिएर बस्न बाध्य छन् । कारागार भित्रको आँगन भरिएर पनि उनीहरू ठाउू अभावमा बरण्डामा कोचिएर रात काट्छन् । पानी पर्दा जाग्राम भै हुन्छ । भरीभराउ कारागारमा कैदीबन्दीको मेलाजस्तै हुल देखिन्छ । जसका कारण बस्ने र सुत्ने ठाउँको अभाव हुँदा कैदीबन्दीहरू कष्टकर कैद सजाय भुक्तान गर्न बाध्य छन् । जीर्ण कारागार भवनभित्र ९ कोठा छन् । तीनवटा महिला राख्ने कोठासहित एउटा पुस्तकालय कोठा छन् । पुस्तकालय कोठामा समेत कैदीबन्दी भरिभराउ राखिएका छन् ।

कैदीबन्दीहरूले बस्ने र सुत्ने ठाउँ अभावकैं कारण कोचिएर बस्न बाध्य भएको गुनासो सुनाए । 'कोचिएर बस्नुपर्ने बाध्यता छ, सुत्न त परको कुरा, पालो लगाएर सुत्छौं, कोही बरण्डामा, कोही आँगनमा', एक कैदी बन्दीले भने, 'खुट्टा हाल्ने ठाउँ छैन, पानीपर्दा रातभर सुत्न पाईन्दैन, भवन समेत जीर्ण भइसकेकाले डरमर्दो अवस्थामा बसेका छौं ।' कोरोना संक्रमण फैलिएपछि कैदीबन्दी झन त्रासमा छन् ।

बस्न र सुत्न मात्र होइन कारागारभित्र पुरूषलाई १२ र महिला २ गरी १४ वटा शौचालय छन् । शौच गर्न बिहान ४ घण्टासम्म लाम लाग्नुपर्छ । एक जनाको पालो सकिन कम्तीमा १५ मिनेट कुर्नुपर्छ । शौच गर्नसमेत कठिनाइ भोग्नुपर्छ । कारागारमा खानेपानीको समेत समस्या छ ।

कर्तव्य ज्यान मुद्धामा २०६९ मंसिर २५ गतेदेखि कारागारमा थुनुवा रहेका चौकिदार अवधेश महतोले अधिकांश कैदीबन्दी कोरोनाको सन्त्रासमा रहेको बताए । उनका अनुसार कैदीबन्दीहरू कोचिएर बस्न बाध्य छन् ।

कैदीबन्दीहरूमा कोरोना संक्रमण फैलिएपछि आफन्तजनले उनीहरूको स्वास्थ्यमाथि गरेको हेलचेक्राईप्रति आक्रोशित छन् । उनीहरूले तत्काल वैकल्पिक आइशोलेसनको व्यवस्था गरि सहज उपचार गराउन माग गरेका छन् ।

स्वास्थ्य कार्यालय सिरहाका प्रमुख यादवले जिल्ला प्रशासनको पुरानो भवनमा कैदीबन्दीका लागि आइशोलेसन बनाउने पहल भइरहेको जानकारी दिए ।

**भवन जीर्ण**

सिरहा कारागारको भवन जीर्ण बनेको छ । २०२८ सालमा स्थापित कारागारको चारैतिर लगाइएको पर्खालहरू जीर्ण भइसकेको छ । करिब २० फिट अग्लो र २० इन्च मोटो इटाको चारैतिरको पर्खाल कमजोर भइसकेको छ । जिल्ला कारागार सिरहाको नाममा दर्ता कायम रहेको २ बिघा १ कठा ६ धुर जग्गा रहेपनि सुरक्षा दृष्टिकोणले संवेदनशिल र अतिक्रमणको चपेटामा रहेको उनले जानकारी दिइन ।

## मिर्चैयामा ...

मिर्चैया नगरपालिकाका मेयर यादवको निर्देशनमा नगरपालिकाले नियमित रूपमा सार्वजनिक गर्नुपर्ने सूचनाहरू लुकाएर चरम भ्रष्टाचार गरिरहेको कांग्रेसका नगर सभापति रमेश न्यौपानेको भनाइ छ ।

पदिय मर्यादालाई दुरूपयोग गर्दै मेयर यादवले नीति, नियम तथा ऐनलाई अपव्याख्या गरेर भ्रष्टाचार गर्ने गरेको वक्ताहरूको भनाइ थियो । संघर्ष समितिले आउँदो असोज २ मा आन्दोलनको समिक्षा गर्दै आउने दिनको आन्दोलनका प्रारूप तय गर्ने जनाएको छ ।

# नेपालको चुनौति र गान्धीवाद

**अघिल्लो अंकको बाँकी**

इतिहासलाई नियाल्ने हो भने धार्मिक नेताहरू अति संवेदनशील समकालीन व्यक्तिका रूपमा प्रकट भएको पाइन्छ । उनीहरूले मानिसको दैन्य र दुःखप्रति चिन्तित हुँदै आ-आफ्नो दृष्टिअनुसार त्यसको निराकरण गर्ने बाटो औंल्याएका छन् । उनीहरूले देखाएको मार्गको उपहास गर्न त हामीले सकौंला, तर उनीहरूको इमानदारीप्रति शङ्का गर्ने अधिकारचाहिं हामीसँग छैन । उनीहरूलाई मानिसको दुःख, दैन्य र अकिञ्चनको राम्रो बोध थियो । उनीहरूमध्ये धेरैले चरम निराशा र जीवनमा अलमलिएको अवस्थामा पुगेर मानवको भौतिक नियति नै दुःखपूर्ण छ भन्ने मान्यता पनि स्थापना गरेका छन् । बुद्ध भन्छन्, जीवनमा दुःख छ । बाइबलमा चाहिं मानिसको जीवन पतनको अवस्था हो र ऊ पुर्खाको आदिम पाप लिएर जन्मिन्छ भन्ने उल्लेख पाइन्छ । शंकराचार्यका दृष्टिमा मनुष्य बन्धनमा छ र उसको उद्धारका लागि नै धर्मको सिर्जना भएको हो । यसबाट मानिसको पतनको अवस्था नै तमाम सामाजिक र राजनीतिक दार्शनिकहरूको प्रस्थानबिन्दु हो भन्ने प्रस्ट हुन्छ । धार्मिक र सामाजिक राजनीतिका दुवै खालका चिन्तकहरू एउटै आधारका वाक्यबाट आफ्नो निष्कर्ष बताउन सुरु गर्छन् । उनीहरू भन्छन्, 'यथार्थमा पतनावस्थामा रहेको मानिसको उद्धार गर्न सम्भव भएकाले उसलाई उद्धार गर्नका लागि बाटो देखाउनेको अति खाँचो छ ।' सम्भवतः इतिहासको प्रारम्भमा धार्मिक र सामाजिक दर्शन एउटै विद्या वा शास्त्रमा गाभिएको थियो । धार्मिक अर्थमा सन्त कहलिएकाहरू नै सामाजिक नेता पनि थिए । ती सामाजिक नेतामा धार्मिक र सान्सारिक दुवै तत्त्वको ज्ञान हुन्थ्यो । यो ऐतिहासिक विश्लेषण सही हो भने 'आह' (वियोग-वेदना) बाट कविताको जन्म भएजस्तै मानव कल्याणको भावनाबाट धर्मको जन्म भएको हुनुपर्छ । यहाँ हिन्दीका सुप्रसिद्ध कवि पन्तको काव्यपङ्क्ति, 'वियोगी होगा पहला कवि, आह से निकली होगी गान' को सम्झना गरिएको हो । समाजवादको मूल पहिल्याउने क्रममा केही पश्चिमी लेखकहरू ईसामसीह र प्रारम्भ कालका इसाई समुदायसम्म पुग्छन् । समाजलाई धनी र गरिब दुई

## बिपी कोइराला राजनीतिक अभिलेख

वर्गमा विभाजित भएको सबैभन्दा पहिले क्राइस्टले नै देखेका थिए । बाइबलको एउटा प्रसिद्ध कथनमा भनिएको छ, 'धनी मानिसलाई ईश्वरको ढोकाबाट भित्रछिर्नुभन्दा ऊँटलाई सियोको प्वालबाट छिर्न धेरै सजिलो पर्न सक्छ ।' यसबाट के देखिन्छ भने बाइबलले गरिबको पक्षमा प्रस्ट सहानुभूति र समर्थनको घोषणा गरेको छ । त्यस समय कदाचित् विचारको क्षेत्रमा धर्म र संसारीवादबीच कुनै विमति पनि थिएन । तर, पछि आत्माको लोक र भौतिकताको लोकका चिन्तनहरू आपसमा छुट्टिंदै गए र अन्त्यमा आपसका विरोधीका रूपमा प्रकट भए । यस विश्लेषणअनुसार गान्धी सांसारिक तथा आध्यात्मिक दुवै प्रेरणाले मानवकल्याणको भावनाले अनुप्राणित बनेका एउटा आधुनिक सन्त हुनुहुन्थ्यो ।

गान्धीले सामाजिक क्रान्तिकारीको हैसियतमा आफ्नो राजनीतिक जीवनको प्रारम्भमै मानिसको सर्वाधिक महत्त्वपूर्ण सामाजिक एवम् राजनीतिक समस्या, व्यक्तिगत स्वतन्त्रता र त्यस स्वतन्त्रतालाई प्राप्त गर्ने उपाय अनुभव गर्नुभएको थियो । उहाँको तीक्ष्ण मस्तिष्क व्यक्तिलाई स्वतन्त्रता उपलब्ध गराउने र अत्याचार तथा निरङ्कुशताबाट उन्मुक्ति दिलाउने हो भने समाज अहिंसाको आधारमा गठन हुनुपर्छ भन्ने निष्कर्षमा पुग्यो । राजनीतिमा नागरिक अधिकार भनिने प्रजातान्त्रिक समाजका मौलिक आधारहरूमा वाक स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, मुद्रणको स्वतन्त्रता, स्वतन्त्र चुनावको अधिकार, अल्पमतप्रति सहिष्णुता आदि पर्छन् । हिंसामा आधारित समाजमा सबैभन्दा पहिले वादविवाद वा छलफलजस्ता अभिव्यक्ति स्वतन्त्रताको हत्या हुन्छ । स्वतन्त्रताको यो पक्षको अर्को नाउँ अहिंसा हो । यस पक्षमा अधिकांश चिन्तकहरूको ध्यान त्यति गएको पाइँदैन । त्यतापट्टि कसै-कसैको ध्यान गएको भए पनि यसलाई समाजको अन्तिम अवस्थामा मात्र प्राप्त हुने ठानेका छन् । उनीहरूले त्यस्तो आदर्श-समाजको प्राप्तिका लागि समाजको नवनिर्माणका अनेक योजनाहरूको परिकल्पना पनि गरेका छन् । वर्तमान रक्तिम क्रान्तिका चिन्तक कहलाइने कार्ल मार्क्सको चिन्तनमा त्यो आदर्श-समाज साम्यवादमा प्राप्त हुन्छ । उनको चिन्तनमा साम्यवाद पूर्ण अहिंसामा आधारित त्यस्तो समाजवाद हो जहाँ नागरिकहरूले आफूले उत्पादन गरेका तमाम वस्तु समाजलाई अर्पण गर्छन् र समाजबाट आफ्ना सबै आवश्यकताको पूर्ति भएको पाउँछन् । साम्यवादमा राज्य, सरकार वा शासन सबै लुप्त भएको हुन्छ । त्यस अवस्थामा समाजमा अस्थायी समितिहरू बन्छन् र मानिसका आवश्यकताहरू र चिज-वस्तुको व्यवस्थापन गर्छन् । तर यस्तो अवस्था आउनुअघि ठूलो रक्तपात र हिंसात्मक क्रान्तिसमेत अनिवार्य वा आवश्यक भएको हुनसक्छ । गान्धी यस्तो हिंसात्मक क्रान्तिलाई कुनै चरणमा पनि स्वीकार गर्नुहुन्न । साम्यवादका सन्दर्भमा गान्धीको मौलिक विचार छ । उहाँका अनुसार 'समाजले भोलिको त्यस्तो अहिंसात्मक समाजवादको बीउ धारण नगरी त्यो समाज स्वतः जन्मिँदैन । भविष्यका बारे आजैदेखि नसोच्ने हो भने भविष्य स्वतः ठीक भएको पाइएला भन्नु ठूलो भ्रम हो । अहिंसा भविष्यमा प्राप्त हुने आदर्श मात्र होइन, यो त तत्कालीन खाँचो र व्यवहारको एउटा कार्यक्रम पनि हो ।' परम्परागत क्रान्तिकारी र गान्धीवादीहरूबीच राजनीतिक विवादको यसै बिन्दुमा आइपुगेपछि विचारका पक्षमा थुप्रै नटुङ्गिने प्रश्नहरू तेर्सिन थाल्छन् । मानिसको प्रकृति र नैतिक मूल्यको स्वरूप कस्तो हुन्छ ? ती आध्यात्मिक र शाश्वत हुन् वा भौतिक र ऐतिहासिक के हुन् ? यस समय यी आधारभूत प्रश्नहरूलाई छुन खोजियो भने विषयान्तर हुन जानेछ । अहिलेको मेरो उद्देश्य राजनीतिक-सांसारिक अर्थमा गान्धीवादी अहिंसात्मक सिद्धान्तको विवेचना गरे पूरा हुन्छ । यसका अतिरिक्त गान्धीले आफ्नो दर्शनको विकास गर्ने क्रममा अनुपयुक्त वातावरण र परिवेशमा अहिंसात्मक समाजवाद एकाएक प्रकट हुन नसक्ने बताउनुभएको छ । तसर्थ, त्यस्तो समाजवाद ल्याउने काम कसरी आजैदेखि थाल्ने, त्यसका लागि कस्तो राजनीतिक प्रणाली समात्ने, त्यो लक्ष्य प्राप्तिका लागि कस्तो साधन, कुन प्रकारका हतियार प्रयोग गर्ने लगायतका प्रश्नले मौलिक महत्त्व राख्छन् । गान्धी तर्क राख्नुहुन्छ, 'हाम्रो भावना जस्तोसुकै भए पनि त्यो यथेष्ट हुँदैन । हामीले बोकेको आदर्शअनुरूप हाम्रा तत्कालीन क्रियाकलापहरू हुन थालेनन् भने त्यो आदर्श जतिसुकै उच्च भए पनि अर्थहीन हुनपुग्छ ।' साधन र साध्य अभिन्न बनेर रहने हुँदा वास्तवमा साधन वा वर्तमानका हाम्रा क्रियाकलापले व्यावहारिक राजनीतिमा मूलभूत महत्त्व राख्छन् भन्ने ठोस निष्कर्षमा हामीलाई गान्धीका तर्कले पुऱ्याउँछन् । वर्तमानका हाम्रा क्रियाकलापबाटै हामी भविष्यका बारे निश्चित हुन सक्छौं । गान्धी भन्नुहुन्छ, 'हामी बुद्धिमान छौं भने वर्तमानप्रति जिम्मेवार हुनुपर्छ, भविष्य आफूप्रति स्वतः जिम्मेवार हुनेछ ।'

अत्याचार वा उत्पीडनको सिकार बनेकाहरूले त्यसविरूद्ध लड्ने आधारहरू पनि साधनको प्रश्नसँग गाँसिएर आउँछन् । ऐतिहासिक कालमा राज्य वा सरकारसँग शस्त्र-अस्त्रजस्ता युद्धका साधनहरूको भण्डार हुँदैनथ्यो । त्यसबेला राज्यले जनसङ्गठनको बढी सामर्थ्यले युद्ध जित्थ्यो । गाउँ वा सहरका कामीहरूले कुटीर उद्योगका रूपमा आफ्नो आरनमा सुस्मा तरवार, धनुष, वाण र पछि

———बाँकी ३ पेजमा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

## नेपालको...

गएर बन्दुकहरू बनाउँथे । त्यस समय अत्याचारी एकतन्त्री शासनलाई अन्त गर्ने सङ्कल्प बोकेको कुनै पनि क्रान्तिकारी समूहले सरकारी सङ्गठन र क्षमताको आँकलन गरेर जनताको समर्थनमा सरकारी अत्याचारका पक्षमा रहेका हातहतियारलाई परास्त गर्न हतियार नै उठाउन सम्भव हुन्थ्यो । त्यस समय सरकारी अत्याचारबाट मुक्ति पाउनका लागि हतियार उठाउनु क्रान्तिकारीका लागि व्यावहारिक उपाय हुन्थ्यो । एउटा एकतन्त्री हुकुमी राज्यलाई समाप्त गर्ने सफल क्रान्तिको त्यस्तो स्वरूपको रूपमा फ्रान्सको राज्यक्रान्तिलाई अध्ययन गर्न सकिन्छ । त्यस राज्यक्रान्तिले अनेकौँ पुस्ताका क्रान्तिकारीहरूलाई रोमाञ्चक रूपमा प्रेरित गरेको छ । त्यस क्रान्तिमा दुवै पक्षसँग के(कस्ता हतियार उपलब्ध थिए ? यथार्थमा दुवै पक्षसँग एकै खालका कारखानामा बनाइएका प्रायः एकै खालका हतियार थिए । गान्धीले सर्वाधिक शक्तिशाली बेलायती साम्राज्यविरुद्ध लडाइँ प्रारम्भ गर्दा हिंसाको माध्यम स्वीकार्य हुनुपर्छ वा पर्दैन भन्ने वैचारिक विवादमा समय खेर फाल्न उचित ठान्नुभएन होला । उहाँका सामुन्ने प्रश्न थियो, एउटा व्यावहारिक साध्य पूरा गर्न हिंसाबाट सम्भव छ ? बेलायती शासनले सन् १८५७ मै आफूविरुद्ध उठेको अन्तिम हिंसात्मक विद्रोहको पूर्णरूपले दमन गरिसकेको थियो र त्यसपछि हिन्दुस्तानीहरूलाई योजनाबद्ध किसिमले पूर्णरूपले निरस्त्र गराइसकेको थियो । उहाँ निचोडमा पुग्नुभयो, एउटा निरस्त्र जातिले निरस्त्र अवस्थाअनुकूल नै आफ्नो लडाइँको तरिका अपनाउनुपर्छ । आधुनिक कालका तानाशाहहरूको शस्त्रागारमा ठूलो लागत र जटिल प्राविधिक प्रणालीबाट निर्माण हुने विध्वंसकारी भयानक हतियार छन् । यस कालका तानाशाहहरूसँग उसले रोजेको ठाउँ र चाहेको समयमा विध्वंसको वर्षा गर्नसक्ने क्षेप्यास्त्र छन् । ऊसँग विमान छन्, ट्याङ्क छन् । त्यसो भए निरस्त्र जनताले आधुनिक कालका तानाशाह वा सर्वसत्तावादी राज्यको सामरिक शक्तिको मुकाबिला गर्ने कल्पना कसरी गर्न सक्छ भन्ने बडो सामयिक प्रश्न उब्जिन्छ । यस समय स्थापित सरकारहरूलाई हिंसात्मक किसिमले उल्टाउने काण्डहरूको बाढी आएजस्तो देखिएकाले पनि यस प्रश्नले विशेष महत्त्व राख्छ । यस्ता काण्ड आकस्मिक किसिमले शासन परिवर्तन गर्ने प्रक्रिया मात्र हुन् । स्थापित शासनसँग शस्त्रास्त्रको ठूलो भण्डार हुने भएकाले त्यसलाई हिंसाका माध्यमबाट उल्टाउन सजिलो हुँदैन । तर, सत्तामोहमा फसेको चतुर खेलाडीले सैनिक शक्तिको एउटा हिस्सालाई हात लिन्छ र त्यसैको बलमा स्थापित शासनलाई ढाल्छ । त्यस्तो आकस्मिक परिवर्तन क्रान्ति होइन, न यसले नयाँ सामाजिक व्यवस्था नै ल्याउँछ । त्यस्तो आकस्मिक परिवर्तनका सञ्चालकमध्ये क्रान्तिकारी विचार भएका एक–दुई व्यक्ति रहेछन् भने पनि ती विचारहरूलाई उनीहरूको कार्यगत असङ्गतिले नै कार्यान्वयन हुन दिँदैन । क्रमश :

# इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*

*आजको इन्द्रेणीमा ...*

## भैंसी चराएर गुजारा चलाउने पहलमानको कथा



देशको प्रतिनिधित्व गर्दै सातौ दक्षिण एसियाली खेलमा सहभागी भएका सिरहा कसहाका ५७ वर्षीय कुश्तीबाज जनक यादव भैसी चराएर र खोलामा बालुवा चालेर गुजारा चलाउन बाध्य छन् । उनको दिनचर्या गागन खोलामा हातमा लठि लिएर भैसी चराउनु र हेरचाहमा बित्छ । कहिलेकाही त्यही खोलामा बालुवा चाल्न पुग्छन् । अहिले पनि गाउँघरमा हुने कुश्ती प्रतियोगितामा सहभागी हुँदै आएका उनको गुजारा चलाउने साहारा दुहुनो माउँ भैंसी बनेको छ ।

सन् १९९५ मा भारतको मद्रासमा भएको साफ खेलमा ७४ केजी तौलसमूहमा जनक कुश्तीमा भिडेका थिए । त्यतिखेर उनी सफल हुन सकेनन् । प्रथम खेलकुद प्रतियोगितादेखि नै सहभागी भई राष्टि्रय खेलमा दर्जनौं स्वर्ण, रजत र कास्य पदक विजेता उनले जीवनको उर्जाशील समय देशको प्रतिष्ठाका लागि कुश्ती खेलेर बिताएपनि राज्यको वेवास्ताका कारण गुजारा चलाउन भैसीको साहारा लिनुपरेको दु :खेसो गरे ।

'६ वर्षअघि गागन खोलामा गिट्टी चालेर गुजारा चलाए' सम्पत्तिको नाममा ६ कठा जग्गा मात्र भएका उनले भने 'अहिले भैसी पालन गरी दुध बिक्रीबाट गुजारा चलाईरहेको छु ।' 'भैसीले साँझ बिहान दुई समयमा दैनिक दिने दुध प्रतिलिटर ७० रूपैयाँको दरले बिक्री गर्छु' उनले भने 'बिक्री गरेर बाँकी बसेको दुध आफ्नो र परिवारको स्वास्थ्यका लागि सेवन गर्छु ।'

दुधकैं बिक्रीबाट आफू र पत्नी धर्मशीलाको गुजारा चलाउँदै आएको उनले सुनाए । केही ऋण रकम लिएर र गागन खोलामा बालुवा गिट्टी चालेरै उनले तीन छोरी सीता, रिता र आशाको विवाह गरिदिए । अहिले उनको साथमा छोरा इन्द्रजीत र पत्नी धर्मशीला छिन् । ट्रक ड्राइभर रहेका छोरा इन्द्रजीतलाई उनले कुश्ती खेलप्रति कहिल्यै आउन दिएनन् ।

काठमाडौं, विराटनगर, चितवन, नेपालगञ्ज, विरगञ्ज र राजविराज लगायत विभिन्न स्थानमा १ वर्ष ३ महिना कुश्ती प्रशिक्षण लिईसकेका उनले राज्यले कुस्ती खेल र खेलाडीलाई उपेक्षा गरेको गुनासो पोखे ।

पछिल्लो पटक ६ वर्ष अघि सिरहा सदरमुकामस्थित क्याम्पस चौरमा देबै खुट्टा मर्किदा उपचारमा एक लाख रूपैयाँ भन्दा बढी खर्च भएपनि कतैबाट सहयोग नपाएको उनले गुनासो पोखे । दुध बिक्रीको आम्दानीले उनले ऋण तिरे । खुट्टा ठिक भएपछि गाउँघरको प्रतियोगितामा भाग लिदैं आएका उनले राज्यको उपेक्षाको कारण देशमा कुश्ती खेल र खेलाडीको अवस्था नाजुक बन्दै गएकाले छोरालाई कुश्ती खेलप्रति प्रवेश नगराएको सुनाए । पौराणिक र मौलिक कुश्ती खेल लोकप्रिय भएपनि राज्यकैं उपेक्षाका कारण समाप्त हुन लागेको प्रति उनले चिन्ता व्यक्त गरे ।

कुस्ती खेलका जानकारहरू आधुनिक कुश्तीको इतिहास यसको लोकप्रियतामा विकाससँगै १९ औं शताब्दीदेखि सुरूभएको हो । जसले गर्दा युरोपमा ग्रेसो–रोमन रेसलिंगको आधुनिक खेलकुद र ग्रेट ब्रिटेन तथा संयुक्त राज्य अमेरिकामा फ्रिस्टाइल कुश्ती र कतेजिन कुश्तीको विकास भएको थियो । नेपाल कुश्ती संघका अनुसार विश्वका २१६ देशमा कुश्ती खेलिन्छ । महाभारत, रामायणकालीनदेखि कुश्तीको सुरूवात हुदै आएपनि नेपालमा भने आधुनिक कुश्तीको सुरूवात २०४५ सालमा विरगञ्जबाट भएको हो ।

दलित जनकल्याण युवा क्लब, स्था. २०५७, लहान, सिरहा

actionaid NEPAL

## खाद्यान्न तथा कोभिड-१९ रोकथामका लागि स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः १४ सेप्टेम्वर, २०२० ( २९ भदौ, २०७७)**

दलित जनकल्याण युवा क्लब सिरहा र एक्सनएड नेपालको संयुक्त साझेदारीमा संचालित आपतकालीन प्रतिकारी योजना कार्यक्रम ( Emergency Response Plan ) का लागि तपसिल बमोजिमको सामानहरूको आवश्यकता भएको हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग काम गरिसकेका इच्छुक नेपाली इजाजत प्राप्त फर्म/कम्पनीहरुले आवश्यक कागजात संलग्न गरि गोप्य शिलबन्दी बोलपत्र तोकिएको ढाँचामा नमूना सहित मिति १८ सेप्टेम्वर २०२० (०२ असोज २०७७), साँझ ३:०० बजेसम्म बुझाउन आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | खाद्यान्न प्याकेज ( चामल ,गहुको पिठो, सर्वोत्तम पिठो, चना मटर, मुसुरो दाल, धारा तेल र नुन ) | १,४५० |
| २. | कोभिड १९ रोकथाम किट ( डिजीटल थर्मोमिटर, मास्क, सेनिटरी प्याड, लुगा धुने साबुन र नुहाउने साबुन, ) | १,४८० |
| ३. | माथि उल्लेखित समानहरूको ढुवानी र प्याकेजिङ सहितको मुल्य सिरहाको लहानसम्म | |

शिलबन्दी बोलपत्र फारम र नियम तथा शर्तहरु दलित जन कल्याण युवा क्लब लहानको कार्यालय लहान–१४ बस्तीपुर प्रदिप गिरि आश्रम र एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगर महानगरपालिका वडा नं. १२ स्थित कार्यलयबाट बिहान १०:०० बजे देखि दिउँसो ३:०० बजेसम्म प्राप्त गर्न सक्नुहुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगानाहरु**

**दलित जन कल्याण युवा क्लब लहानको कार्यालय, लहान-१४,**
प्रदिप गिरि आश्रम, बस्तीपुर सिरहा
प्रदेश नं. २
सम्पर्क नं. ०३३–५६१२९९,
मोवाईल नं. ९८४१३६३३९१, ९८२४७९६९४९

**एक्सनएड नेपाल पुर्वाञ्चल श्रोत केन्द्र**
पाञ्चाली वडा नं. १२, विराटनगर, मोरङ
प्रदेश नं. १ सगरमाथा पार्टी प्यालेस नजिक
फोन नं. ०२१–४७०५७५, ४७१६३७
मोवाईल नं. ९८०४०६८८५५

नोट :– बोलपत्र फारम बुझाउन आउदा आफूले उपलब्ध गराउने सामानको १/१ प्रति नमुना पनि साथै बुझाउनु पर्नेछ ।

*(विस्तृत जानकारीको लागि दलित जनकल्याण युवा क्लब लहानको कार्यलय वा एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगरमा सर्म्पक राख्न सकिनेछ ।)*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# वडा नै पालिकाको मेरुदण्ड

## पालिका बहस

डा. विजयप्रसाद मिश्र



पालिकाको वडा तहले सही ढंगले काम गरेमा नागरिकका धेरै समस्याहरू त्यहीँबाट समाधान हुन्छ । सबै अधिकार काठमाडौं उपत्यकामा मात्र छ भन्ने पुरानो मान्यता टुटेको छ । स्थानीय पालिकाका प्रतिनिधिहरू र नागरिकहरू अहिले पनि पुरानो संस्कारबाट ग्रसित छन् । सबैले अधिकार काठमाडौंमै छ भनिरहेका छन् । कतिले त गाउँगाउँमा सिंहदरबार गएको हैन । दरबार त उतै काठमाडौंमै छ, सिंहहरू मात्र गाउँमा पठाइदिए भन्ने गरेका छन् । तर, आफ्नो लागि आफै कानुन बनाएर त्यसकानुन अनुसारको काम गर्न पाउने भएपछि पालिका भित्र नै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाहरूको व्यवस्था गरिएको छ । यसलाई सही रूपमा सदुपयोग गर्नका लागि वडा समितिदेखि नै नियमसम्मत ढंगले काम अगाडि बढाइयो र नगरपालिका या गाउँपालिकाले वडा केन्द्रित काममा फोकस गरेमा नागरिकहरूले आफ्नै घरदैलोमा सरकार पुगेको अनुभुति गर्नेछन् ।

कानुनले वडासमितिलाई धेरै काम गर्ने अभिभारा दिएको छ । त्यो अभिभारा पूरा गर्नका लागि स्थानीय नागरिकहरूले समेत वडालाई सहयोग गर्नु पर्दछ । सबैभन्दा पहिले विकासका कामका लागि पैसा चाहिन्छ । यसका लागि वडालाई व्यवसाय कर, वहाल कर, विज्ञापन कर, पार्किङ् शुल्क, नयाँ व्यवसाय दर्ता गर्दा उठाउने शुल्क, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करहरूको लेखा जोखा गर्ने र रकम संकलन गरेर पालिकामा प्रतिवेदन सहित बुझाउने व्यवस्था गरिदिएको छ । यसले वडा नै आम्दानी स्रोत जुटाउने माध्यम भएको छ । वडाले उठाउने बाहेक प्रान्त र संघीय तहबाट आउने रकमहरू पनि यसको आम्दानीका स्रोतहरू हुन्छन् । बार्षिक कति आम्दानी हुन्छ र कति विकासमा खर्च गर्ने भन्ने अनुमान गर्न सकिन्छ । वडाले अनौपचारिक शिक्षा कार्यक्रम, शिशुस्याहार तथा प्रारम्भिक बाल बिकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने काम समेत गर्नु पर्दछ । हुने विरूवाको चिल्लो पात भनेजस्तै बालबालिकाहरूलाई सानैमा राम्रो बातावरण दिन सकियो भने उनीहरू भविष्यका कर्णधार हुन्छन् । त्यसैले प्रारम्भिक बाल बिकास केन्द्रमै मुख्य ध्यान दिन सकियो भने दक्ष जनशक्ति उत्पादन गर्न सकिन्छ । जरा नै कमजोर भएपछि हाँगाविंगा र फल राम्रो नहुन सक्छ । त्यसैले वडाले यसमा बढी खर्च गरेर बालबालिकालाई नयाँ नयाँ सिकाई पद्दती अपनाएर तर्कशील, प्रश्न गर्नसक्ने, जिज्ञाशु बनाउन सकियो भने ठूलो काम हुन्छ । शिक्षाका लागि पुस्तकालय, वाचनालय, घुम्ती पुस्तकालय, आईटी, इन्टरनेट सहितका पुस्तकालयहरू खोल्नु पर्दछ । पुस्तकालयको सामग्री घरबाटै एप मार्फत पढ्न सक्ने तरिका समेत बनाउन सकिन्छ । हिजो आज पुस्तकालयमा पढ्न आउने बानी गाउँघरमा हराएको छ भनेर बनेका पुस्तकालयहरू पनि बन्द हुँदैछन् । तर नागरिकको चाहना संकलन गरेर पुस्तकालयलाई उनीहरूको चाँसो अनुसार परिमार्जन गर्न सकियो भने, प्रतिस्पर्धाको प्रक्रिया अपनाइयो भने यसको सदुपयोग हुन सक्छ । त्यसैगरी सामुदायिक सिकाई केन्द्रहरू संचालन गर्ने, बालक्लबहरू खोल्न प्रोत्साहित गर्ने, बाल क्लबहरूको सञ्जाल बनाएर अतिरिक्त क्रियाकलापमा संलग्न गराउन सकिन्छ । वडालाई बालमैत्री बनाउनका लागि यसका केही आधारहरू तोकिएको छ । ती विशेषताहरू पुरा गर्नका लागि वडाले गम्भीर भएर सोच्नु पर्दछ । प्रत्येक बालबालिकाको भर्ना अनिवार्य गराउने, बालमैत्री शासन पद्दती अवलम्बन गर्ने, बालबालिकाका लागि गरिने कुनै पनि कामका लागि उनीहरूको सहभागिता गराएर उनीहरूको विचारहरू पनि सुन्ने र राम्रो विचार र मागहरूलाई कार्यान्वयन गराउनु अग्रसर हुनेकाम वडा कै हो । स्वास्थ्यको क्षेत्रमा झनै महत्वपूर्ण जिम्मेवारी वडाको छ । सुरक्षित मातृत्व, पूर्ण खोपको व्यवस्थापन, वडा तहमा रहेको स्वास्थ्य संस्था र सेवाको व्यवस्थापन राम्रोसंग गर्न सकियो भने विरामी हुनु भन्दा पहिले नै मानिसलाई स्वस्थ्य रहनका लागि आवश्यक जानकारीहरू स्वास्थ्य संस्थाबाट नियमित दिने, निःशुल्क पाइने औषधीहरूको आवश्यकता अनुसार व्यवस्थापन गर्ने, सबै नागरिकको स्वास्थ्यमा चाँसो देखाएर सल्लाह दिन स्वयंसेवक दल परिचालन गर्ने कामहरू गर्न सक्नु पर्दछ । कतिपय मानिसले अज्ञानताका कारण वा लजाएर रोग लुकाई रहेका हुन्छन् । प्रारम्भिक अवस्थामा नै त्यसको उपचार गरियो भने कम खर्चमा वडा मै निको हुन सक्दछ । बल्झियो भने धेरै धनखर्च हुने र बाहिर जानुपर्ने र ज्यानको पनि जोखिम हुने हुन्छ । नागरिकलाई प्रारम्भिक अवस्थामै स्वास्थ्य प्रति सचेत हुने बानीको विकास गराउनमात्र सक्यो भने पनि ठूलो उपलब्धी हुन्छ । एक जना मानिसले दिनभरमा के के कति मात्रामा खाएमा डोज पुग्छ । धेरै खाँदा, फास्टफुड खाँदा शरिरलाई हुने नोक्सानीको बारेमा मात्र जानकारी गराउन सकियो भने धेरै खानेबानीले मोटापा बढेर शरिर रोगी हुनबाट शुरूबाटै बचाउन सकिन्छ । खानपानमा सचेत हुने बानीको विकास गराउन सकियो भनेमात्र पनि वडाले स्वास्थ्य क्षेत्रमा ठूलो उपलब्धी प्राप्त गर्दछ । पोषण कार्यक्रम छ, वडा स्तरमै स्वास्थ्य जनचेतना विकास तथा स्वास्थय सूचना कार्यक्रम सञ्चालन गर्नु पर्ने भनेर तोकिएकै छ । सहरी र ग्रामीण स्वास्थ्यका लागि वडाले नै क्लिनिकहरू संचालन गर्ने वा कसैलाई गराउन सक्ने प्रावधान पनि छ । प्रसुतिगृह निर्माण वडा तहमै गर्ने, प्रसुतीका लागि आवश्यक सामग्री वा औजारहरूको पहिलेदेखि जोहो गरेर राख्ने काम पनि वडा कै हो । मानिसलाई प्रजनन स्वास्थ्य बारेमा जानकारी गराउने, परिवार नियोजन, सुरक्षित सुत्केरी गराउने, सुरक्षित यौन सम्पर्कका बारेमा सचेत गराउने कामले पनि धेरै स्वास्थय समस्याहरू समाधान हुन्छन् । यसका लागि प्रजनन स्वास्थ्य कार्यक्रम, एच.आई.भी. एड्स तथा टी.टी. खोप व्यवस्थापनका लागि पनि वडाले काम गर्नु पर्दछ । साच्चिकै वडाले स्वास्थ्य क्षेत्रमा पाएको काम मात्र प्रभाकारी भयो भने या सबै वडाबासीले यसको अनुभुति गर्न पाएमा धेरै विरामीहरू वडाभन्दा बाहिर नगई ठीक हुन सक्छ । शिक्षा र स्वास्थ्यमा मात्र होइन वडाले बाल उद्यानको व्यवस्था गरेर, सार्वजनिक सौचालय, स्नान गृह बनाएर, पशुपंक्षीको विकासमा ध्यान दिने र छाडा चौपायाको व्यवस्था गरि वडा स्तरमा बातावरण संरक्षण, सामुदायिक वन, वनजन्य सम्पदाको संरक्षणगर्दै जैविक विविधताको संरक्षण र प्रवर्धन गर्ने काम समेत वडाकै पर्दछ । वृक्षारोपणको मात्रालाई बढाएर वडा,टोल, बस्तीहरूमा हरियाली बढाउन वडाले नै पहल गर्नु पर्दछ । वातावरण मैत्री वडा बनाउनका लागि पनि हरियाली क्षेत्रको विस्तार गर्नु आवश्यक हुन्छ । सरसफाईमा ध्यान दिने, खुला दिसामुक्त क्षेत्र कागजमा मात्र होइन व्यवहारमा पनि बनाउन लागि पर्ने हो भने वडाले आफ्नो क्षेत्रको गाउँ बस्तीलाई स्वर्ग बनाउन सक्छन् । खानेपानीको समस्या समाधान गर्न सार्वजनिक धारा, इनार, कुवा, चापाकलको व्यवस्था गर्ने, पोखरी निर्माण गर्ने र भएका त्यस्ता स्रोतहरूको संरक्षण नियमित रूपमा गर्ने हो भनेपनि नागरिक र पशुलाई चाहिने खानेपानीको सुविधा पुरा हुन्छ ।

फोहोर मैला नियमित संकलन र व्यवस्थापनमा सामाजिक संघसंस्थालाई परिचालन गरि फोहोरबाट मोहोर प्राप्त गर्ने प्रक्रियाहरू अवलम्बन गर्न सक्नु पर्दछ । ढलको व्यवस्था, सतही पानीको निकास, मरेका सिनु जनावरको व्यवस्थापन गरेर वडा तहमा भएका पानीका स्रोतहरू संरक्षण गर्न अग्रसर हुनु पर्दछ । बैकल्पिक उर्जाको व्यवस्था, सौर्य उर्जा योजना कार्यान्वयन गरेर विपन्न बर्गका महिलाहरूको कार्यबोझ घटाउने उपायहरूको अवलम्बन गर्ने काम पनि वडा कै हो । कृषि, फलफूल, नर्सरीको स्थापना गर्ने, अगुवा कृषि तालिम, कृषि बीउ बिजन, मल र औषधीको मागहरू पहिले देखि संकलन गरेर आवश्यक सामग्री चाहिनु भन्दा पहिले नै मगाएर वडाबासीलाई सहुलियत दिन सकिन्छ । कृषिमा लाग्ने रोगहरूको विवरण संकलन गर्ने, कृषि बजार व्यवस्थापनमा महिला समूहको सक्रियता र सहभागिता बढाउने रणनीति अख्तियार गरेर वडाले महिलाहरूलाई कृषि पेशामा दक्ष बनाउने र उनीहरूको श्रमशक्तिलाई कृषि, पशुपालन, फलफूल खेती तर्फ लगाउन सक्छन् । यसले सुसुप्त अवस्थामा रहेको वेरोजगारी समस्याहरूलाई समाधान गर्न सहज हुन्छ । प्राविधिक जनशक्तिमा महिलालाई अग्रसर गराउने र कृषि उब्जनीको बजारिकरणका लागि अवसरहरू जुराइदिने काम बडाले गर्नु पर्दछ ।

माथीका बाहेक वडाले प्रतिक्षालयको निर्माण र व्यवस्थान गर्ने, वडा भित्रको खुल्लाचरण क्षेत्रको संरक्षण गर्ने, खेलकुदको पूर्वाधार विकासमा ध्यान दिने, बाटोघाटो नयाँ बनाउने र भइरहेकोलाई चालु अवस्थामा राख्ने काममा समेत वडाले विशेष ध्यान दिनु पर्दछ । सडकको अवरोध र अतिक्रमण रोक्नका लागि बेलैमा पहलकदमी गर्ने काम समेत वडा तहबाटै हुनुपर्ने काम हो । बाटोमा बाढी, पहिरो हुरी तथा प्राकृतिक प्रकोपका कारणले उत्पन्न हुने अवरोधहरू हटाउनेकाम पनि वडा कै हो ।

हिंसा पीडित बालबालिका, किशोर किशोरी, महिलाहरूको लागि आश्रयस्थल वडा तहमै बनाउनु पर्दछ । यसको संचालन गर्ने, बालमैत्री पूर्वाधार तयार गर्ने, छात्रावास, अन्य सामुदायिक सेवाका लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्ने काम पनि वडा कै हो । वडाले स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने काम पनि गराउनु पर्दछ । यसले लोप हुन लागेको कला संस्कृतिको संरक्षण हुन गई वडाको पहिचान अन्यत्र बढाउन सहयोग पुग्दछ । स्थानीय मौलिकता झल्किने सांस्कृतिक रितिरिवाजको संरक्षणगर्ने, प्रबर्धन गर्ने काम समेत वडा कै हो । अन्तर विद्यालय तथा विभिन्न क्लवहरू मार्फत खेलकुद कार्यक्रमको आयोजना गराउने, प्रचलित कानुन अनुसार व्यक्तिगत घटना दर्ता गर्ने, यसको अभिलेख राख्ने र व्यक्तिगत घटना दर्ताका लागि जनचेतना चलाउने काम पनि वडाकार्यालयबाटै हुनुपर्दछ ।

वडाले सामाजिक सुरक्षा भत्ता वितरण र अभिलेख राख्ने तथा त्यसको अद्यावधिक गर्ने । वडा भित्र आर्थिक र सामाजिक रूपले पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने, विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम राख्ने काममा समेत वडाले प्रभावकारी रूपमा प्रस्तुत हुन सक्नु पर्दछ । बाल बिवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछूत, दहेज, दाइजो, हलिया प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वसको अन्त्य गराउने काम समेत वडा कै हो ।

लघुवित्त योजना तर्जुमा, वडामा रहेका घरेलु उद्योगको रेकर्ड राख्ने, नयाँ घरेलु उद्योगको दर्ता जस्ता काममा पनि वडा नै जिम्मा दिइएकोले वडाको काम धेरै महत्वपूर्ण छ । विद्यूतीय सञ्चारको व्यवस्था, प्राङ्गारिक कृषि मलको उत्पादनको व्यवस्था, असक्त, असाहाय, बेवारिसे विरामीहरूको उपचारको लागि अस्पतालसम्म लग्ने व्यवस्था समेत वडाकै कार्य भित्र पर्दछ । यसरी अझ धेरै विषयहरूमा वडाले काम गर्न सक्दछ । वडालाई धेरै भारी बोकाइदिएको पनि कसैकसैले भन्ने गर्दछन् । तर यो वडाको लागि अवसर हो । साच्चिकै वडाले सफल ढंगले काम गर्न सक्यो भने विकेन्द्रिकरणको सिद्धान्त व्यवहारमा लागु भएको अनुभूति नागरिकमा हुन्छ । त्यसैले वडाले यी सबै काम गर्न एक्लै आफूले सक्दैन । उसलाई नागरिकको सहायता आवश्यक पर्दछ । वडाबासीले पनि वडाका कामहरू के के हुन् ? हामीले वडालाई कसरी सहयोग गर्न सक्दछौं भनेर चाँसो लिने र जनप्रतिनिधि, राजनीतिक संगठन, सामाजिक संगठन, क्लबहरूले सामुहिक रूपमा स्थानीय आवश्यकताहरूको बारेमा नियमित छलफल गरेर सबैभन्दा पहिले पूरा गर्नु पर्ने आवश्यकतालाई प्राथमिकता दिने अभियान सञ्चालन गर्नु आजको आवश्यकता हो ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)